# रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**प्रस्तावनाः** परम्परागतरुपमा सदियौंदेखि कृषकले खेती गर्दै आएका रैथाने बालीहरु (जस्तैः कोदो, जौ, फापर, उवा, कागुनो, जुनेलो, चिनो, लट्टे सिमी तथा अन्य बालीका स्थानीय जातहरुको संरक्षण तथा सम्बर्द्धनका लागि वैज्ञानिक खेती प्रणाली र प्रविधिको अवलम्बन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि जैविक विविधता प्रवर्द्धन तथा खाद्य र पोषण सुरक्षामा टेवा पुऱ्याउने रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. प्राविधिक पक्षः**

(१) यो कार्यक्रम कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्था मार्फत सञ्चालन हुने छ। कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | क्रियाकलापको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | रैथानेबाली उत्पादन प्रवर्द्धन सम्बन्धी क्रियाकलाप | समूह/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्दा प्रतिबाली न्यूनतम ३० रोपनी र हिमाली भेगको लागि न्यूनतम १५ रोपनी हुनु पर्नेछ। कृषि फर्म/ कम्पनीको हकमा न्यूनतम १० रोपनी हुनु पर्नेछ। व्यक्तिगत कृषकको हकमा एकै क्लष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। | समूह/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्दा कम्तीमा ७ घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत सञ्चालन हुने । संलग्न प्रत्येक घरधुरीले तराईमा कम्तीमा ३ रोपनी र पहाड तथा हिमाली क्षेत्रमा कम्तीमा २ रोपनी क्षेत्रफलमा रैथाने बालीको खेती गर्नुपर्नेछ। |
| २. | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सम्बन्धी क्रियाकलाप | - | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |
| ३. | रैथानेबाली उत्पादन तथा संरक्षण सम्बन्धी स्थलगत तालिम | - | रैथानेबाली उत्पादन, प्रशोधन तथा बजारीकरण कार्य सञ्चालन भएका स्थानमा सम्बन्धित कार्यालयले |

| | | | |
|---|---|---|---|
| | | | सञ्चालन गर्ने |

(२) रैथानेबाली उत्पादन प्रवर्द्धन सम्बन्धी क्रियाकलापबाट रैथानेबालीको बीउ उत्पादन; बीउ खरिद तथा व्यवस्थापन; रैथानेबालीको प्रोफाईल तयारी; सिँचाइ पूर्वाधार निर्माण तथा व्यवस्थापन; मेसिनरी औजार तथा यन्त्र उपकरण खरिद; बाली संरक्षण; बीउ तथा बालीको प्रशोधन, भण्डारण लगायत उत्पादनोपरान्त व्यवस्थापन; लेबलिङ, प्याकेजिङ, उत्पादन बिक्री कक्ष निर्माण तथा बजार प्रवर्द्धन; परिकार विविधीकरण; स्थलगत तालिम तथा क्षमता अभिवृद्धि लगायतका प्रवर्धनात्मक कार्यहरू सञ्चालन गर्न सकिनेछ।

(३) रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सम्बन्धी क्रियाकलापबाट भण्डार गृह निर्माण तथा सामग्री खरिद, बिक्री स्थल तथा कोशेली घर निर्माण, प्रशोधन गृह निर्माण तथा मेसिनरी औजार खरिद, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ लगायतका बजार प्रवर्द्धन सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिनेछ।

(४) रैथानेबाली उत्पादन तथा संरक्षण सम्बन्धी स्थलगत तालिम सञ्चालन गर्दा रैथानेबालीको प्रमुख उत्पादन क्षेत्रलाई प्राथमिकीकरण गरी सञ्चालन गर्नुपर्नेछ।

## २. आर्थिक पक्षः

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण (समुदायस्तरमा लाभान्वित हुने साना सिँचाइ संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित पुर्वाधार निर्माण) कार्यमा बढीमा ९० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। व्यक्तिगत कृषक/कृषि फर्मको हकमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

## ३. प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १. | **खेती गर्ने क्षेत्रफल** (वर्षमा एक भन्दा बढी बाली खेती गर्ने भएमा सोही अनुपातमा सघनता हेरी क्षेत्रफल गणना गर्ने) | ४० |
| क) | दफा १ को उपदफा (१) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | ३० |
| ख) | क्र.सं. (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा ३० अङ्क प्रदान गरी प्रति २० प्रतिशत थप क्षेत्रफलका लागि १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्कसम्म प्रदान गर्ने | १० |
| २. | **अनुदानको अवस्था** | २० |

| | | |
|---|---|---|
| क) | पछिल्लो दुई आ.व. मा कृषि कार्यका लागि कुनै पनि अनुदान प्राप्त नगरेको | २० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त नगरेको | १५ |
| ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| **३.** | **बाली उत्पादन हुने जग्गाको अवस्थिति** | **२०** |
| क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० |
| | नोटः क.सं. ३ को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| ४. | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अङ्क प्रदान गर्ने) | २० |
| | **जम्मा** | **१००** |

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

**५. संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम अनुसार हुनेछ।

**७. खारेजी र बचाउः** (१) रैथानेबाली प्रवर्द्धन सम्बन्धी आयोजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।